# जानकी गाउँपालिका,बाँकेको

# स्थानीय राजपत्र

खण्डः १ संख्याः २ प्रमाणीकरण :२०७५/०३/२५

प्रकाशन: २०७५/०५/०७


**भाग-१**

# जानकी गाउँपालिकाको

## आर्थिक ऐन ,२०७५

**प्रस्तावनाः**

जानकी गाउँपालिकाको आर्थिक वर्ष ०७५/७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने, जरिवाना तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम जानकी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन जानकी गाउँपालिका क्षेत्रमा तुरुन्त लागू हुनेछ ।

२. **सम्पति करः** जानकी गाउँपालिकाको] क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** जानकी गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** जानकी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** जानकी गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** जानकी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय कार्यक्रम र सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसारका जग्गा, घर, भवन, हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र विभिन्न सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग र बोटिङ्ग** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग बोटिङ सेवा वा व्यवसाय संचालन गरे गराय वापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाई असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. यस आर्थिक ऐन र अनुसूचीमा उल्लेख नभएका वा नसमेटिएका र अन्य विषयमा गाउँ कार्यपालिकाले आगामी नगर सभाबाट पारित गराउने गरी औचित्य र आवश्यकता हेरी प्रचलित कानून विपरित नहुने गरी स्थानिय कर, शुल्क दस्तुर लगाई असुल उपर गर्न सक्नेछ ।

१६. जानकी गाउँ कार्यपालिकाबाट यस ऐनको कार्यान्वयनका लागि अनुसूची (१४) मा उल्लेख भएका नीतिहरुलाई कार्यान्वयनमा ल्याउनेछ ।

१७. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१८. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि जानकी गाउँपालिकाले, गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

**घरजग्गा कर**

| **क्र.स.** | **सम्पत्तिको मूल्यांकन** | **करको दर (प्रति लाख)** | **जम्मा कर** |
|---|---|---|---|
| १ | ५,००,००० | एकमुष्ट | १०० |
| २ | १०,००,००० | २५ | २५० |
| ३ | २०,००,००० | ३० | ६०० |
| ४ | ५०,००,००० | ३५ | १७५० |
| ५ | १,००,००,००० | ४० | ४००० |
| ६ | २,००,००,००० | ५० | १०,००० |
| ७ | ३,००,००,००० | ६० | १८,००० |
| ८ | ५,००,००,००० | ८० | ४०,००० |

अनुसूचि-२
(दफा ३ संग सम्बन्धित)

# भूमि कर (मालपोत)

| | | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा नं ६ |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | जग्गाको किसिम | प्रति कट्ठा | प्रति कट्ठा | प्रति कट्ठा | प्रति कट्ठा | प्रति कट्ठा | प्रति कट्ठा |
| १ | सुर्खेत रोड संग जोडेको प्रति कट्ठा | --------- | --------- | --------- | --------- | --------- | रु.३६० |
| २ | सुर्खेत रोड नहर संग जोडेको प्रति कट्ठा | --------- | --------- | --------- | --------- | --------- | रु.३०० |
| ३ | गुलरिया बाटो संग जोडिएको तथा गनापुर नहर पक्की बाटो | --------- | --------- | रु.१०० | रु.१०० | --------- | रु.१०० |
| ४ | पक्की बाटो संग जोडेको प्रति कट्ठा | रु.२५ | रु.२५ | रु.२५ | रु.२५ | रु.२५ | रु.२५ |
| ५ | गोरेटो तथा ग्राविल बाटो संग जोडेको प्रति कट्ठा | रु.२० | रु.२० | रु.२० | रु.२० | रु.२० | रु.२० |
| ६ | खेती योग्य बाटो नभएको प्रति कट्ठा | रु.१० | रु.१० | रु.१० | रु.१० | रु.१० | रु.१० |
| ७ | कच्ची बाटोले छोएको जमिन | रु.१५ | रु.१५ | रु.१५ | रु.१५ | रु.१५ | रु.१५ |

**अनुसूची ३**

**बहाल कर :**

**(दफा ४ संग सम्बन्धित)**

**बहालको न्यूनतम दर रेट निम्नानुसार रहेको मानिने छ र अन्यथा घर वहाल करार गरे बमोजिम नै हुनेछ**

| क्र.स. | किसिम | न्युनतम मासिक वहाल | स्थान | करको दर | कैफियत |
|---|---|---|---|---|---|
| घरवहालकर(घरभाडाको) १.घर,पसल,ग्यारेज,गोदाम,टहरा,छप्पर,जग्गा वा पोखरी | | | गा.पा.क्षेत्र भित्र जहां पनि | १०% | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ढुवानी | | जहासुकै | ५% | |

**अनुसूची ३**

**व्यवसाय कर**

**(दफा ५ संग सम्बन्धित)**

**उद्योग एवं फैक्ट्रीहरु:**

**क) उद्योग कम प्रदुषण गर्ने:**

१) रु.५लाख मुल्य देखि रु.२५लाख सम्मको रकम लागत भएकोलाई वार्षिक कर........ रु.१००००।००

२) रु.२५लाख मुल्य देखि रु.५०लाखको लागत भएकोलाई वार्षिक कर ......................रु.१५०००।००

३) रु.५०लाख मुल्य देखि रु.१करोड सम्मको लागत भएकोलाई वार्षिक कर ..............रु.२००००।००

४) रु.१करोड भन्दामाथि मुल्य लागत भएकोलाई वार्षिक करमा १०प्रतिशत थप हुदै जानेछ ।

(नोटःजस्तै औषधि,सोयावीन,पापड,कपडा,स्टील,कागत,दालमोट,पानी,जडीबुटी,प्लास्टीक आदि उद्योगहरु)

**ख) उद्योग वातावरण प्रदुषण युक्तः**

१) रु.५लाख मुल्य देखि रु.२५लाखको लागत भएकोलाई वार्षिक कर....................... रु.१२०००।००

२) रु.२५लाख मुल्य देखि रु.५०लाखको लागत भएकोलाई वार्षिक कर ....................रु.१७०००।००

३) रु.५०लाख मुल्य देखि रु.१करोड सम्मको लागत भएकोलाई वार्षिक कर .............रु.२२०००।००

४) रु.१करोड भन्दामाथि मुल्य लागत भएकोलाई वार्षिक करमा १२प्रतिशतका दरले थप हुदै जानेछ ।

(नोटः यस अन्तरगतः कथ्था, रोजिन टरपेन्टाईन,पलाईवुड,सिमेन्ट,क्रसर, आइरन धुवा धुलो फाल्ने आदि)

**ग) साना तथा घरेलु उद्योग**

१) रु.१ लाख मुल्य देखिरु.५लाखको लागत भएकोलाई वार्षिक कर.......................... रु.१०००।००

२) रु.५ लाख मुल्य देखिरु.१० लाखको लागत भएकोलाई वार्षिक कर ........................रु.२०००।००

३) रु.१० लाख भन्दामाथि मुल्य लागत भएकोलाई वार्षिक करमा ५प्रतिशत थप हुँदै जानेछ ।

(नोटः यस अन्तरगतः पाउरोटी, बाँस बेत, खेलौना,मैनवत्ति,अगरवत्ति,अँचार, चाउमिन, बरफ, आईक्रिम आदि)

**होटल ,रेष्टुरेण्ट, लज**

१ तारे होटल लाई..........................................................................................रु.१५,०००।-

२ तारे होटल लाई..........................................................................................रु.२५,०००।-

३ तारे होटल लाइ..........................................................................................रु.५०,०००।-

४ तारे होटल लाई ..........................................................................................रु.७५,०००।-

सो भन्दा माथि लाई.......................................................................................रु.१०००००।

होटल (खाने बस्ने ) एयर कन्डीसनर भएकोलाई...........................................................रु .१०,०००।-

होटल (खाने बस्ने ) एयर कन्डीसनर नभएकोलाई....................................................... रु ५०००।-

मदिरा विक्रि नगर्ने होटललाई ..........................................................................रु.३०००।-

**क्यासिनोलाई बार्षिक कर**

क्यासिनो...................................................................................................रु.२०००००।-

मिनी क्यासिनो............................................................................................ रु.१०००००।-

चिया ,कफी ,नास्ता ,पसल (ठुलो)......................................................................रु. १०००।-

चिया ,कफी ,नास्ता ,पसल (सानो)......................................................................रु. ५००।-

पुल हाउस तथा स्नुकरलाई...............................................................................रु.२,५००।-

**मासु तथा माछा पसल :**

खसी, कुखुरा, बंगुर, रांगा..........................................................................रु २५००।-

अण्डा थोक बिक्रेता.......................................................................... रु. १०००।-

छाला संकलन..........................................................................रु २०००।-

**फलफुल पसल :**

थोक फलफुलमा..........................................................................रु.२५००।-

खुद्रा फलफुल र फलफुलको जुश ..........................................................................रु.५००।-

तरकारी थोक बिक्रेतालाई..........................................................................रु.२५००।-

उखुको रसलाई.......................................................................... रु ५००।-

**सुन चाँदी पसल :**

क . श्रेणी लाई ..........................................................................रु.८०००।-

ख . श्रेणी लाई ..........................................................................रु.५०००।-

ग . श्रेणी लाई ..........................................................................रु.१५००।-

**बर्गिकरण :**

क. सुन चांदीको गहना बेच्नेलाई जनाउंदछ ।

ख. चाँदीको गहना बेच्नेलाई जनाउंदछ ।

ग. सुन चांदीको गहना मर्मत गर्नेलाई जनाउंदछ ।

**औषधी पसल :**

थोक बिक्रेतालाई..........................................................................रु. १२०००।-

डक्टरले जाँच गर्ने स्थानमा रहेको औषधी पसल..........................................................................रु. १२०००। -

फुटकर बिक्रेतालाई.......................................................................... रु. २०००।-

औषधी पसललाई..........................................................................रु. ३०००।-

**स्वास्थ्य तर्फ :**

मेडिकल कलेज (शिक्षण अस्पताल)..........................................................................रु. १२५०००।-

हस्पिटल एण्ड रिसर्च सेन्टर,..........................................................................रु. ६०,०००।-

अन्य गैर सरकारी अस्पताल..........................................................................रु.२५,०००।-

डेण्टल हस्पीटल ..........................................................................रु. १००००।-

हेल्थ केयर प्रा.लि.......................................................................... रु. ४०००।-

क्लिनीक ख श्रेणीलाई (रजीष्ट्र्ड डाक्टर नभएको) ..........................................................................रु. १०००।-

ल्याप प्याथोलोजी र एक्सरे प्रत्येक लाई ..........................................................................रु. २५००।-

अल्ट्रा साउण्ड ..........................................................................रु. ५०००।-

सिटी स्क्यान .......................................................................... रु. ७५००।-

चस्मा पसललाई ..........................................................................रु. १०००। -

दांत बनाउने पसललाई..........................................................................रु. १०००। -

होमीयो पैथीक पसललाई ..........................................................................रु. ५००। -

अक्कु पङचर उपचार केन्द्रलाई ..........................................................................रु. ५००।-

एग्रोभेट ..........................................................................रु. २५००।-

**तम्बाकु एवं सूर्ति जन्य पसल :**

सुर्ति जन्य पदार्थ (पान पसल समेत) ..........................................................................रु. १०००।-

**धोबी पसल :**

ड्राई क्लिनर्सलाई .......................................................................... रु.५००।-

साधारण धोबीलाई ..........................................................................छुट

**सिलाई पसल :**

क) ३ देखि ४ सम्म सिलाई  मेसीन भएकोलाई ..........................................................रु.२०००।-

ख) ५ देखि ८  सिलाई  मेसीन भएकोलाई...................................................................रु.३०००।-

ग)८ भन्दा बढी सिलाई  मेसीन भएकोलाई............................................................ रु.५०००।-

घ)सुटिङ सटिङ समेत भएकोलाइ ..........................................................................रु.८०००।-

२ थान सिलाई मेशीन भएकोलाई ...................................................................छुट ।

महिला प्रोपराइटर भएको सिलाई पसललाई उपरोक्त करमा ..............................................५०% छुट

बुटीक पसल लाइ ...................................................................................................रु.५०००।-

**सैलुन तथा ब्यूटीपार्लर :**

५ सिट सम्म .........................................................................................................रु.५००।-

५ सिट भन्दा माथि....................................................................................................रु.३०००।–

१ सिट लाइ  छुट

इलेकट्रोनिक र मोवाइल पसल...................................................................................रु.५०००।-

इलेकट्रोनिक पसल ..................................................................................................रु.५०००।-

मोवाइल पसल ........................................................................................................रु.४०००।-

मोवाइल मर्मत पसल ................................................................................................रु.१०००।-

घडि टि.भी. क्यालकुलेटर, रेडियो साना पसल ...........................................................रु.२५००।-

विदेशी वस्तु.............................................................................................................रु.१०,०००।-

**क) कम्प्यूटर,फ्रिज, कुलर, ए.सी., वासींग मेशीन विक्रेता (साना पसल )**

१) एक मात्र विकी गर्ने लाई ......................................................................................रु. ५,०००। -

२) एक भन्दा बढी आइटम विर्की मा प्रत्येक थप आइटम मा थप .........................................रु. ५०००। -

**ख) सफ्टवयर** .........................................................................................................रु. १०,०००।-

**निर्माण व्यवसायी** :

| **निर्माण व्यवसायी** | **(स्थानीय कार्यलय)** | **प्रधान कार्यालय भए** |
|---|---|---|
| १ वर्ग (घ) लाई | रु२०००।- | रु. ३०००।- |
| २ वर्ग (ग) लाई | रु३५००।- | रु. ४५००।- |
| ३ वर्ग (ख) लाई | रु५०००। | रु. ७५००।- |
| ४ वर्ग (क) लाई | रु१००००। | रु. १५०००।- |

**हवाई सेवा :**

१ हवाई उडान गर्ने प्रत्येक एयर लाईन्सलाई बार्षिक ...................................................रु. १०,०००।-

२ प्रत्येक ट्राvल्स एजेन्सीलाई बार्षिक ...........................................................................रु. २,०००।-

बिमा कम्पनीलाई ...................................................................................................रु. १०,०००।-

बिदेशी मुद्रा सटही काउण्टरलाई.............................................................................. रु. २०००।-

**जुत्ता,तथा चप्पल पसल :**

१ थोक बिक्रेता.........................................................................................................रु. ५,०००।-

२ खुद्रा बिक्रेता .......................................................................................................रु. २५००। -

३ मेशिन बाट जुत्ता तयारी गरी विक्री गर्ने ...............................................................रु.१००००।-

**हेभी तथा लाईट गाडी  मोटर बिक्रि गर्ने :**

१ चार पाङग्रे वा सोभन्दा माथि सवारी साधन ...........................................................रु.१५०००।-

२ मोटर साईकल स्कुटर बिक्रि गर्ने पसललाई...........................................................रु.१२,०००।-
३ साईकिल,रिक्सा अटोरिक्सा बिक्रि पसललाई ..........................................................रु.१०,०००।-

४ पंपिङ,सेट जेनेरेटर र मेशेनरी सरसामानहरु बिक्रि गर्ने पसललाई..................................रु.५०००।-

**हेभी गाडी तथा लाईट गाडीको पार्टस विक्रि पसल :**

क श्रेणी लाई ..............................................................................................रु.१००००।-
ख श्रेणी लाई ..............................................................................................रु.५०००।-
ग श्रेणी लाई ..............................................................................................रु.२५००।-

**वर्गिकरण :**

क) बस, ट्रक, टेक्टर, जिप, कार टेम्पो आदिको पार्टस बिक्रि गर्ने ।
ख) मोटर साईकिल वा पपिङसेट, जेनेरेटरको पार्टस बिक्रि गर्ने ।
ग) साईकल र रिक्साको पार्टस बिक्रि गर्ने ।

**टायर तथा मोविल :**

१. टायरको थोक बिक्रेता ..............................................................................रु.५५००।-
२. मोविल आयल डिलर बिक्रेता .....................................................................रु.२०००।-
३. मोविल आयल खुद्रा बिक्रेता .....................................................................रु.१०००।-

**गाडी मर्मत :**

१.बस ट्रकको बडी बनाउने कारखाना ..................................................................रु.२०००।-
क) हेभी गाडी तथा मेशीनरी मर्मतहरु ..........................................................रु.१५००।-
ख) लाईट गाडी तथा मेशीनरी मर्मत ............................................................रु.१०००।-
२. सवारी साधन सर्भिसिङ तथा मर्मत सेन्टर.....................................................रु.१०००।-
३. व्याट्रि विक्रि तथा मर्मत पसल ...................................................................रु.५००।-
४. मोटर साईकल मर्मत ...............................................................................रु.१०००।-

**कबाडी पसल :**

क) ठुला पसल..............................................................................................रु. १०,०००।-
ख) साधारण पसल .........................................................................................रु. ५०००।-

**टायर मर्मत तथा रिसोलिङ :**

१. क श्रेणीलाई रिसोलिङ मात्र .......................................................................रु. १५०००।-
ख श्रेणीलाई रिसोलिङ मर्मत ......................................................................रु. १०००।-
ग टायर मर्मत ......................................................................................रु. ३००।-
२. इन्जीन ब्लक मर्मत पसललाई ...................................................................रु. १०००।-
३. पम्प मर्मत ..........................................................................................रु. १०००।-
४. रेडियटर मर्मत पसललाई .........................................................................रु. ५००।-
लेथ वेल्डीङ भएको पसललाई : ..................................................................रु.७५०।-

**एजेन्सी तथा थोक बिक्रेता पसल :**

चुरोटको डिलर ..........................................................................................रु.१०,०००।-
पेट्रोल पम्प ..............................................................................................रु.१०,०००।-
चाउचाउ डिलर............................................................................................रु.५०००।-
साबुन डिलर ..............................................................................................रु. ५०००।-
कोईला डिलर .............................................................................................रु. २०००।-
प्लाष्टिक डिलर ...........................................................................................रु. ५०००।-
मट्टितेल डिलर ............................................................................................रु. १०००।-

ग्याँस सिलिन्डर डिलर ....................................................................................... रु. २५००।-

**मादक तथा अन्य पेय पदार्थ :**

रक्सी उत्पादन डिष्टिलरी ................................................................................. रु.१,००,०००।-

डिष्टिलरीको डिलर, डिस्ट्री ब्युर्टस ....................................................................... रु.१० ,०००।-

बियरको डिलर............................................................................................. रु.१० ,०००।-

कोल्ड ड्रिङ्कसको डिलर ...................................................................................... रु.५०००।-

**मादक पदार्थ कोल्ड ड्रिङ्कंसको खुद्रा विक्रि पसल :**

क) श्रेणीलाई - रु.५०००।- ख) श्रेणीलाई - रु.१५००।- ग) श्रेणीलाई - रु.१०००।-

**वर्गिकरण :**

क श्रेणीमा रक्सी, वियर, मिनरल वाटर बिक्रेता वा सब डिलर लिएकोलाई

ख श्रेणीमा रक्सी, वियर, कोल्ड ड्रिकंस र अन्य खुद्रा बिक्रेता लाई

ग श्रेणीमा कोल्ड ड्रिकंस र अन्य खुद्रा बिक्रेता लाई

**टेण्ट हाउस :**

टेण्ट हाउस पसल ............................................................................................ रु.३०००।-

माईक बिजुली डेकोरेसन,बैण्ड बाजा पसल ........................................................ रु.२०००।-

**नोट : *कुनै शुभ कार्यका लागि सार्वजनिक तथा सडक क्षेत्रमा टेण्ट लगाउनु पर्ने भएमा गाउ पालिकाद्धारा पूर्व स्वीकृती लिई आवागमनमा अवरोध नहुने गरी मात्र टेण्ट लगाउनु पर्ने छ ।***

**कलर ल्याब तथा फोटो स्टुडियो :**

कलर ल्याब ..................................................................................................... रु.४०००।-

फोटो स्टुडियो .................................................................................................. रु.१०००।-

**इन्टिच्युट,प्रतिष्ठान तथा तालिम केन्द्र :**

मेन ईन्टरनेट व्यवसायी - ............................................................................. रु.६०००।-

सर्वर राख्ने इमेल इन्टरनेटका व्यवसायीहरु ........................................................ रु.३०००।-

कम्प्यूटर तथा पार्टस थोक विक्रेता ............................................................... रु.३०००।-

कम्प्यूटर खुद्रा विक्रेता.................................................................................... रु.१०००।-

कम्प्युटर प्रशिक्षण केन्द्र र भाषा प्रक्षिण, ट्युसन ईन्स्टीचयूट ............................ रु.२५००।

फोटो कपी तथा Digital फोटो -.......................................................................... रु.१०००।-

सवारी चालक तालिम ....................................................................................... रु.२५००।-

**निजी क्षेत्र का विध्यालय:**

क वर्ग ............................................................................................................ रु.१५,०००।-

ख वर्ग ............................................................................................................ रु.१०,०००।-

ग वर्ग ............................................................................................................ रु.५,०००।-

घ वर्ग ............................................................................................................ रु.१०००।-

**सी.टी भि.टी तथा बिश्वबिधालयबाट स्वीकृती लि बिभिन्न कार्यकम संचालन गर्ने कलेज बिश्वबिधालयलाई**

क) प्राबिधिक शिक्षालय तर्फ : ......................................................................... रु.१५,०००।

ख) साधारण तर्फ ............................................................................................. रु.५०००।

**छापाखाना अफसेट प्रिन्टिङ्ग प्रेस :**

क) श्रेणी फ्लेक्स मेशीन भएको एक मात्र मसिन भएकोलाई ........................................ रु.७,५००।-

एक भन्दा बढि भएको........................................................................................ रु.२५,०००।–

ख) श्रेणी (छापाखाना तथा अफसेट सबै भएको )..............................................................रु.३०००।-
ग) हातले लेखाई गर्ने बाट.......................................................................................रु.१०००।-

घ) श्रेणी पत्रिका प्रकासक लाई .................................................................................छुट ।

**ट्रान्सपोर्ट व्यबसाय :**

क श्रेणीलाई..........................................................................................................रु.५०००।

**कपडा तथा फेन्सी पसल :**

सुति कपडाको डिलर थोक बिक्रेतालाई ......................................................................रु.५०००।-
कपडा तथा रेडिमेट फेन्सी पसललाई ........................................................................रु.२५००।-
सुति कपडा खुद्रा बिक्रेतालाई .................................................................................रु.२०००।-

**स्टेसनरी तथा पुस्तक पसल :**

थोक तथा खुद्रा स्टेस्नरी पसल..................................................................................रु.२५००।-
खुद्रा स्टेस्नरी पसल.................................................................................................रु.१५००।-
किताब तथा कापी बिक्रि पसल....................................................................................रु.१५००।-
कापी मात्र बिक्रि पसल ............................................................................................रु.५००।-

**गल्ला,किराना तथा बिसात खाना :**

१ क श्रेणीमा (गल्ला किरानाको थोक बिक्रेता )...........................................................रु.४०००।-
ख श्रेणीमा -गल्ला किरानाको खुद्रा बिक्रेता )............................................................रु.२०००।-
२ चिनी,मैदा,डाल्डा,बनस्पती ध्यू ,पिठो प्रति डिलर.........................................................रु.२५००।-
३ चुडि पोतेको थोक बिक्रेता .....................................................................................रु.१५००।-
४ धागो,चैन, टाक इत्यादी बेच्ने पसल...........................................................................रु.१५००।-
५ अन्य खुद्रा बिक्रि पसल............................................................................................रु.१५००।-
६.ध्यु सप्लायर्स.........................................................................................................रु.२०००।-

**नोट :** ***गल्ला किराना तथा बिसात खाना पसलसंग कुनै डिलर भएमा डिलर र पसलको छुट्टाछुट्टै कर लाग्ने छ ।***

**तरकारी पसल :**

क श्रेणी लाई (थोक तथा आढ्त)............................................................................ रु.२५००।-
ख श्रेणी लाई ..........................................................................................................रु.५००।-

**हार्डवयर पसल :**

१ क श्रेणीमा.............................................................................................................रु.५०००।-
ख श्रेणीमा (सरिया सिमेन्ट).......................................................................................रु.४०००।-

**भाँडा पसल :**

डिपार्टमेन्टल स्टोर...................................................................................................रु.१००००।-
भाडाको सोरुम.........................................................................................................रु.७५००।
बिभिन्न किसिमका भाँडा बेच्ने पसललाई......................................................................रु.२०००।-
फलामे पसललाई ...................................................................................................... रु.१०००।-
सटरिङ तथा फर्मा.....................................................................................................रु.१०००।–
मिक्सचर मेसिन (घर ढलान गर्नेलाई...........................................................................रु.५०००।-

**पशु आहार :**

थोक तर्फ ..................................................................................................................रु.७५००।-
खद्रा बिक्रिलाई ........................................................................................................रु.२०००।-

**संचार सेवा :**

पि.सि.ओ.,फ्याक्स सेवा,एस.टि. डि., आइ.एस.टि.डि.,लोकललाई.......................................रु.५००।-
इमेल,इन्टरनेट,फोटोकपी भएकालाई थप.......................................................................रु.५००।-
कुरीयर सेवा ..............................................................................................................रु.५००।-

**गैरसरकारी संस्था :**

राष्ट्रिय......................................................................................................रु.५००।-
अन्तराष्ट्रिय..................................................................................................रु.५०००।-

**कन्सल्टेन्सी सेवा :**

कन्सल्टेन्सी,इन्जीनियर,प्राविधिक सेवा.......................................................................रु.७५००।-

**फर्निचर :**

स्टील फर्निचर थोक बिक्रि ....................................................................................रु.५०००।-
स्टील फर्निचर खुद्रा बिक्रि गर्ने...............................................................................रु.२०००।-
काठको फर्निचर..................................................................................................रु.२५००।-
बेतब्रासको फर्निचर बिक्रि .....................................................................................रु.१५००।-
फोम तथा कार्पेट बिक्रि.........................................................................................रु.२५००।-
कपास र सिरक डसना बेच्नेलाई ..............................................................................रु.२५००।-

**स-मिल :**

१ क) स-मिल -काठ चिरने बेच्ने).............................................................................रु.१५,०००।-
२ ख) काठ बिक्री डिपो..........................................................................................रु.५०००।-
कुटानी,पिसानी,पेलानी मिल :.................................................................................रु.१०००।-

**ईन्जिनीयरिङ वर्कसप :**

सप्लायर तथा मर्मत दुबै गर्नेलाई ..............................................................................रु.१५००।-
ग्रिल सटर बनाउनेलाई.............................................................................................रु.१०००।-

**जडिबुटि :**

जडिबुटि प्रसोधन व्यबसाय.......................................................................................रु.२०,०००।-
जडिबुटि बिक्रि बितरण............................................................................................रु.२०००।-

**रंगरोगन पसल :**

क) रंगरोगन सामानको थोक बिक्रेतालाई....................................................................रु.७०००।-
ख) रंगरोगन सामानको खुद्रा बिक्रेतालाई.................................................................रु.३०००।-

**शिलालेख पसल :**

शिलालेख लेख्ने पसललाई ......................................................................................रु.१०००।-
हाउजीङ्ग कम्पनि तथा घर जग्गा खरिद बिक्री तर्फ रियल स्टेट ....................................रु.२५०००।

## अनुसुची ५
**(दफा ६ संग सम्बन्धित)**

जडिबुटी,कवाडी तथा जिवजन्तु कर

**१. ठुला व्यापारी ....................................................................................................रु.५०००।००**
**२.साना व्यापारी ....................................................................................................रु २००००।००**

## अनुसूची ६
**(दफा ७ संग सम्बन्धित)**

**सवारी साधन कर**

**चालु आर्थिंक वर्षमा लिने परिमार्जित सवारी करका दरहरु (वार्षिक) निम्नुसार हुनेछन :-**

१.ठूलो बस ..............................................................................................रु.१५००।००
२.मिनि बस .............................................................................................रु.१०००।००
३.भाडाको जिप। टैक्सी, कार .........................................................................रु.५००।००
४.भाडाको टेम्पो .........................................................................................रु.३००।००
५.निजी, कार, टेम्पो, जीम.............................................................................रु.३००।००
६.ट्रैकर, ट्रक, (भाडा तथा जीप)..........................................रु.२०००।०० (छ चक्का सम्मको)
७.ट्रैकर, ट्रक, भाडा तथा जीप)..........................................रु.२५००।०० (छ चक्का माथी)
८.ट्रैकर, ट्राली.............................................................................................रु.१०००।००

**ईलेकट्रीक रिक्सा**

३ पाङग्रे रिक्सा बार्षिक नविकरण तथा दर्त्ता दस्तुर...............................................रु.१०००।-
३ पाङग्रे रिक्सा उधोग लाई बार्षिक कुर .........................................................रु.५०००।-

## अनुसूची ७
**(दफा ८ संग सम्बन्धित)**

**विज्ञापन कर:**

क) होडिङ्ग बोर्ड(निजि वा सार्वजनिक स्थानमा प्रयोग हुने)बिद्युतिय बोर्ड,वाल पेन्टलाई प्रतिबर्गफुट ...रु.५०।-
ख) डिस्प्ले डि.पि.यस. बोर्डलाई प्रतिबर्ग फुट..........................................................रु.२५।-
ग) व्यबसायीक दृष्टीले गाडी बाट माईकिंग गर्दा प्रतिदिन ..............................................रु.२००।-
घ) व्यबसायीक दृष्टीले रिक्सा टांगा र टेम्पो बाट प्रतिदीन.............................................रु.५०।-
ङ) मादक पदार्थ एवं धुम्रपानको बिज्ञापन मा थप ...................................................२५%

## अनुसूची ८
**मनोरञ्जन कर:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ को (घ) बमोजिम

**सर्कस तथा खेल तमासा, रमाईलो मेला :**

क) श्रेणीलाई दैनिक (रमाईलो मेला तथा सर्कस तमासा).........................................रु.५००।-
ख) श्रेणीलाई दैनिक (सर्कस खेल तमासा).......................................................रु.२००।-
ग) श्रेणीलाई देनिक (सामान्य किसिमको)........................................................रु.५०।-

## अनुसूची ९

**बहाल बिटौरी शुल्क**

## अनुसूची १०

**पार्किंग शुल्क**

## अनुसूची ११

ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर, बोटिङ र ऱ्याफ्टीङ्ग शुल्कः

## अनुसूची १२

**सेवा शुल्क, दस्तुरः**

**काञ्जी हाउस :**

सुंगुर, बंगुर, खच्चर भैसि,रागा धोडा,गोरु,खसि,बाखा,बोका,भेडा (प्रति दिन प्रति जीव)................... रु.५००।-
बाच्छा बाच्छी, पाडापाडी (प्रति दिन प्रति जीव)................................................................ रु.५००।-
गधा : (प्रति दिन प्रति जीव)....................................................................................रु.३००।-
निजी जिवजन्तु गाँउपालिका द्वारा फाल्नु परेमा (प्रतिजीव)...................................................रु.१०००।-

**नोटः**

उपरोक्त बस्तु ७ दिन भित्र छुटाई नलगेमा लिलाम गर्ने र प्रतिदिन भन्नाले २४ घण्टा बुझीने छ।
छाडारहेका पशुहरु सर्बसाधारणले पकाउ गरी कान्जीहाउसमा बुझाएमा तत्कालै प्रति जिउ रु.१००। पुरस्कार दिने र पशुधनी छुटाउन आएमा उक्त रकम थप गरी असुल गर्ने।

**१.३.१.१ शुल्क शौचालय :**

| स्नान गरे वापत | दिसा गरे वापत | पिसाब गरे वापत |
|---|---|---|
| रु.२०।- | रु.१०।- | रु.५।- |

**१.३.३ शुल्क तथा दस्तुर :**

**सम्पति मुल्याकंन शुल्क :**

क)सबै किसिमको चार किल्लालाई प्रमाणित दस्तुर ..........................................................रु.५००।००

**१.४.दस्तुर दण्ड जरिवाना धरौटी फिर्ता र जफत :**

१.४.१ क) नक्कल र निवेदन दस्तुर नियामानुसार

ख) अन्य फाराम दस्तुर नियमानुसार

ग) व्यवसाय करको हकमा चालु वर्षको कर आएको मसान्त भित्र नविकरणमा १५ प्रतिशत छुट र बक्यौता रहेमा १५ प्रतिशत दरले जरिवाना लगाउने।

ङ)वहाल विटौरी हकमा गत वर्ष सम्म बक्यौता रहेमा २५ प्रतिशत दरले जरिवाना लगाउने।

च) भरुवा बन्दुकमा नविकरण दस्तुर ऐन नियम बमोजिम लाग्ने छ।

छ) रिक्सा, टांगाको दर्ता र नबिकरण गर्ने।

**अन्य शुल्क एवं दस्तुर :**

क) भरुवा बन्दुक नविकरण नियमानुसार

ख) धितो रोक्का वापत.......................................................................................रु.५००।-

ग)अतिरीक्त सेवा शुल्क गाँउपालिका भित्र फोहोर मैला उत्पादन हुने खालका माल सामान जस्तै तरकारी, फलफुल आदी लिई नगर प्रवेश गर्ने ट्रक, मिनीट्रक, टेक्टरमा सेवा शुल्क वापत रु.१५०। लाग्ने छ।

घ) गाँउपालिका क्षेत्रभित्र विभिन्न चाडपर्वहरुमा पसल राख्ने व्यवसायीलाई प्रतिदिन रु.१५०।- का दरले शुल्क लाग्नेछ ।

ङ) गाँउपालिका क्षेत्रभित्र विभिन्न उत्पादन सामाग्रीहरुको प्रचार प्रसार हेतु कार्यक्रम सञ्चालन गर्दा सडक यातायात अवरोध नहुने गरी ईजाजत दिएवापत स्तर हेरी प्रतिदिन रु.५००।- देखि रु.५,०००।- सम्म लाग्नेछ ।

**जग्गा प्लटिङ सम्बन्धी सेवा शुल्क :**

जग्गा प्लटिङ गर्दा गाँउपालिकाले निर्धारण गरेको भवन तथा योजना मापदण्ड, २०५६ अनुसार हुन पर्ने रजिष्टर्ड प्राविधिकबाट नक्सांकन गरी स्वीकृत लिएकाबाट

**१.४.३ सिफारीस दस्तुर** :

| सि.नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | सामान्य सिफारिश | रु.१००।०० | |
| २ | व्यक्तिगत घटना (जन्म,मृत्यु, विवाह, वसाई सराई) | रु.५०।०० | ३५ दिन भित्र निःशुल्क |
| ३ | विपन्न विद्यार्थी सिफारश | रु.निशुल्क | |
| ४ | छात्रबृति सिफारिश | रु.निशुल्क | |
| ५ | सर्जमिन सिपफरिश | साधारण रु.२५०।००<br>व्यापार रु.५००।००<br>उद्योग रु.१०००।०० | |
| ६(क) | खेतीयोग्य जमिन खरिद बिक्री सिफारिश | रु.२२५।०० | |
| ६(ख) | घरेडी जग्गा खरिद बिक्री सिफारिश | रु.१२५।०० | |
| ७. | व्यवासाय दर्ता | रु.१०००।०० | |
| ८ | व्यवसाय नामसारी सिफारिश | रु.१०००।०० | |
| ९ | व्यवसाय बन्द स्फािरिश | रु.५००।०० | |
| १० | व्यवसाय सञ्चालन नभएक्रो सिफारिश (जति वर्ष भए पनि) | रु.२००।०० | |
| ११ | घर नक्सा पास सिफारिश | रु.१।०० प्रतिवर्ग मिटर | |
| १२ | घर कायम सिफारिश | रु.५००।०० | |
| १३ | मोही लगत कट्टा | रु.२२५।०० | |
| १४ | ४ किल्ला प्रमाणित सिफारिश (प्रति घरेडी) | रु.५००।०० | |
| १५ | ४ किल्ला प्रमाणित सिफारिश ( खेति योग्य जमिन | रु.२२५।०० | |
| १६ | घर बाटो नभएको प्रमाणित | रु.२१०।०० | |
| १७ | नाता प्रमाणित | रु.१२५।०० | |
| १८ | नागरिकता प्रमाण पत्र सिफारिश | रु.१००।०० | |
| १९ | विदेश जानका लागि सिफारिश (सार्क मुलुक) | रु.१०००।०० | |
| २० | विदेश जानका लागि सिफारिश (तेस्रो मुलुक)खाडी मुलुकलाई | रु.५,०००।००<br>रु.१०००।०० | |
| २१ | नागरिकता सिफारिश | रु.१००।०० | |
| २२ | पञ्जिकरण प्रतिलिपी | रु.५०।०० | |

| | | | |
|---|---|---|---|
| २३ | नाम, थर जन्ममिति शंसोधन सिफारिश | रु.१००।०० | |
| २४ | खानेपानी, विद्युत,टेलीफोन जडान तथा नामसारी (आवासिय) | रु.१००।०० | |
| २५ | खानेपानी, विद्युत,टेलीफोन जडान तथा नामसारी (व्यवसायिक) | रु.५००।०० | |
| २६ | ट्रेस नक्सा निर्माण तथा प्रमाणित १ कित्ताको | रु.२००।०० | |
| २७ | ट्रेस नक्सा निर्माण तथा प्रमाणित १ कित्ता भन्दा वढि | रु.५०।०० को दरले थप गर्दै जाने । | |
| २८ | अग्रेजीमा सिफारिश (English Type) | रु.५००।०० | |
| २९ | पेन्सन पट्टा सिफारिश स्वदेशी संस्था | रु.५००।०० | |
| ३० | पेन्सन पट्टा सिफारिश विदेशी संस्था | रु.१,०००।०० | |
| ३३ | व्यवसायकि प्रयोजनको लागि ठुलो सर्जमिन | रु.२००।०० | |
| ३४ | व्यवसायकि प्रयोजनको लागि सानो सर्जमिन | रु.१००।०० | |
| ३५ | स्थानीय ठेगाना प्रमाणित सिफारिश | रु.१००।०० | |
| ३६ | वडा सिफारिस दस्तुर | रु.१००।०० | |
| ३७ | मिलापत्र दस्तुर | रु.२००।०० | |
| ३८ | जग्गा दर्ता सिफारिश प्रति कठ्ठा ( घडेरी भएमा न्यनतम) | रु.१००।०० | |
| ३८ | जग्गा दर्ता सिफारिश प्रति विगाहा (खेती योग्य भएमा न्यनतम) | रु.५००।०० | |
| ३९ | राजिनामा /बकस पत्र सिफारिश | रु.५००।०० | |
| ४० | जग्गा सिमा विवादमा सिमाकंन सेवा शुल्क | रु.२०००।०० | |
| ४१ | फिल्ड रेखाकंन ५ कित्ता सम्म | रु.२०००।००(सो भन्दा माथि रु.२०० प्रति कित्ता | |
| ४२ | फिल्ड रेखाकंन प्रति थपकित्ता | रु.१०००।०० | |
| ४३ | कार्य अनुभव सिफारिश पत्र | रु.५००।०० | |
| ४४ | नयाँ संस्था दर्ता सिफारिश (सेवामुखी) | रु.१०००।०० | |
| ४५ | नयाँ संस्था दर्ता सिफारिश (नाफामुखी) | रु.३५००।०० | |
| ४६ | संस्था नबिकरण | रु.५००।०० | |
| ४७ | आय स्रोत प्रमाणित सिफारिस (जम्मा आयको) | प्रति हजारको रु.१कादरले | ५ करोड सम्म |
| ४८ | निजी विद्यालय अपग्रेड सिफारिश | रु.२०००।०० | |
| ४९ | नि. मा.वि. सम्मका लागि | रु.१०००।०० | |
| ५० | मा.वि. सम्मका लागि | रु.२०००।०० | |
| ५१ | प्राथमिक विद्यालय दर्ता सिफारिश | रु.१०००।०० | |
| ५२ | उद्योग स्थापना सिफारिश | साना – ३,०००।००<br>मझौला -५,०००।००<br>ठुला –१०,०००।०० | |
| ५३ | उद्योग नामसारी तथा ठाँउसारी सिफारिश | रु.५०००।०० | |
| ५४ | पशुवस्तु ( राँगा भैसी) निकासी प्रति गोटा | रु.१००।०० | |
| ५५ | खसी निकासी प्रति गोटा | रु.१००।०० | |

| | | | |
|---|---|---|---|
| ५६ | घर जग्गा नामसारी सिफारिश दस्तुर | रु.५००।०० | |
| ५७ | कृषि फर्म दर्ता सिफारिश | रु.१००।०० | |
| ५८ | कमजोर आर्थिक अवस्था सिफारिश | रु.निशुल्क | |
| ५९ | बलियो आर्थिक अबस्था सिफारिश | रु.१०००।०० | |
| ६० | जडीबुडी निकासी सिफारिश प्रति किलो ग्राम ( न्यूनतम रु.१००।००) | रु.१०।०० | |
| ६१ | बालुवा निकासी सिफारिश प्रति ट्रिप | रु.५०।०० | |
| ६२ | फाम शुल्क | रु.१०००।०० | |
| ६३ | नक्सा पास निवेदन फाराम (पक्की घर) | रु.१०००।०० | |
| ६४ | नक्सा पास निवेदन फाराम (कच्ची घर) | रु.५००।०० | |
| ६५ | अन्य सिफारिश ( माथि उल्लेखित बाहेक) | रु.५००।०० | वा कार्यापालिकाको निर्णयानुसार |

१) घरबाटो नभएको.............................................................................................रु.२२५।-
२)बाटो भएको घर नभएको.....................................................................................रु.२२५।-
३) घर भएको कच्ची बाटो ग्रेभलिङ्ग भएको.....................................................................रु.५००।-
४) पिच बाटो भएको घर नभएकोलाई.............................................................................रु.५००।-
५) पिच बाटो भएको घर भएकोलाई..............................................................................रु.१०००।-
६) बर्ग मिटरमा नयां लालपुर्जा लिने प्रयोजनका लागी घर नभएकालाई..........................................रु.२२५।-
७) बर्ग मिटरमा नयां लालपुर्जा लिने प्रयोजनका लागी घर भएकालाई............................................रु.५००।-
क) घरवास मिन्हाको भोग चलनको सिफारीसमा मुल्याकंनको.........................................................१ प्रतिशत
ख) औद्योगिक सिफारिसमा.........................................................................................रु.५०००।-
ग) औद्योगिक प्रयोजनको १५ हर्ष पावर सम्मको सिफारीसमा......................................................रु.१००००।-
घ) औद्योगिक प्रयोजनको १५ हर्षपावर भन्दा माथी जतिसुकै भएकोमा सिफारीस दस्तुर .....................रु.१५०००।-
ङ) विदेश भ्रमण तथा अध्ययन प्रयोजनका लागि गर्ने सम्पती प्रमाणित.................................रु.सयकडा १५ पैसा ।

**ख) दा.खा.नामसारी :**

क) रजिष्टेशन र बक्स पत्र भएको दा.खा.मा मुल्याकंनको........................................................१ प्रतिशत
ख) अंश वण्डा भै दा.ख.मा.....................................................................................रु.५००।-
ग) मृत्युबाट अपुताली कायम हुँदा मुल्याकंनको १० प्रतिशत र सिफारीसमा समेत १० प्रतिसत लागने छ ।
घ) मृत्युबाट हक कायम भै नामसारीमा.........................................................................रु.५००।-

**ग) घर जग्गा पास सम्बन्धमा :**

**क) भवन नक्सा पास सम्बन्धमा:**

**स्वीकृत भवन निर्माण मापदण्ड लागू भएपछि बनेका आवासीय घरहरुका लागि:**

| | | |
|---|---|---|
| क) | पक्की घर (**माटो, सिमेन्ट, सुखी चुना आदीले जोडाई भई आर.वि.सी. र आर.सी.सी. छाना भएको जोडाईमा**) प्रति वर्ग फुट जमिन मुनिको अन्डरग्राउण्ड तला | रु.५।- |
| ख) | पक्की घर (**माटो, सिमेन्ट, सुखी चुना आदीले जोडाई भई आर.वि.सी. र आर.सी.सी. छाना भएको जोडाईमा**) प्रति वर्ग फुट भूईतला | रु.६।- |

| | | |
|---|---|---|
| ग) | पक्की घर (**माटो, सिमेन्ट, सुखी चुना आदीले जोडाई भई आर.वि.सी. र आर.सी.सी. छाना भएको जोडाईमा**) प्रति वर्ग फुट पहिलो तला | रु.७।- |
| घ) | पक्की घर (**माटो, सिमेन्ट, सुखी चुना आदीले जोडाई भई आर.वि.सी. र आर.सी.सी. छाना भएको जोडाईमा**) प्रति वर्ग फुट दोश्रो तला | रु.८।- |
| ङ) | पक्की घर (**माटो, सिमेन्ट, सुखी चुना आदीले जोडाई भई आर.वि.सी. र आर.सी.सी. छाना भएको जोडाईमा**) प्रति वर्ग फुट तेश्रो तला | रु.९।- |
| च) | पक्की घर (**माटो, सिमेन्ट, सुखी चुना आदीले जोडाई भई आर.वि.सी. र आर.सी.सी. छाना भएको जोडाईमा**) प्रति वर्ग फुट चौथो तला | रु.१०।- |
| छ) | पक्की घर (**माटो, सिमेन्ट, सुखी चुना आदीले जोडाई भई आर.वि.सी. र आर.सी.सी. छाना भएको जोडाईमा**) प्रति वर्ग फुट पाँचौ तला | रु.११।- |
| ज) | पक्की घर (**माटो, सिमेन्ट, सुखी चुना आदीले जोडाई भई आर.वि.सी. र आर.सी.सी. छाना भएको जोडाईमा**) छैठो तला वा १७ मिटर भन्दा बढी उचाई भएकोलाई प्रति वर्ग फुट | रु.१२।- |

**स्वीकृत भवन निर्माण मापदण्ड लागू हुनु पूर्व बनेको आवासीय घर नक्सा अभिलेखिकरणको दस्तुर:**

| | | |
|---|---|---|
| क) | पक्की घर (**माटो, सिमेन्ट, सुखी चुना आदीले जोडाई भई आर.वि.सी. र आर.सी.सी. छाना भएको जोडाईमा**) प्रति वर्ग फुट भूई तला | रु.६।- |
| ख) | पक्की घर (**माटो, सिमेन्ट, सुखी चुना आदीले जोडाई भई आर.वि.सी. र आर.सी.सी. छाना भएको जोडाईमा**) प्रति वर्ग फुट पहिलो तला | रु.७।- |
| ग) | पक्की घर (**माटो, सिमेन्ट, सुखी चुना आदीले जोडाई भई आर.वि.सी. र आर.सी.सी. छाना भएको जोडाईमा**) प्रति वर्ग फुट दोश्रो तला | रु.८।- |
| घ) | पक्की घर (**माटो, सिमेन्ट, सुखी चुना आदीले जोडाई भई आर.वि.सी. र आर.सी.सी. छाना भएको जोडाईमा**) प्रति वर्ग फुट तेश्रो तला | रु.९।- |

**स्वीकृत भवन निर्माण मापदण्ड लागू भएपछि बनेका अन्य घरहरुका लागि :**

| | | |
|---|---|---|
| क) | व्यापारीक प्रति वर्ग फिट | रु.८।- प्रति तला रु.२।- ले बढ्ने |
| ख) | तारे होटल, मल्टि कम्प्लेक्स हस्पिटल, चलचित्र भवन | रु.८।- प्रति तला रु.२।- ले बढ्ने |

**नक्सा पास प्रकृयामा नआई निर्माण गरेका घरहरुको नक्शा प्रमाणित दस्तुर माथि उल्लेखित दस्तुरको तीन गुना दस्तुर लिई प्रमाणित गर्ने ।**

**घर नक्सा दस्तुर:**

**१) स्वेच्छाले घर जग्गा विक्री प्रति वर्गफिट ........................................................रु.३।-**

**२) अंशवण्डा/बकसपत्र प्रति वर्गफिट ..............................................................रु.१।-**

**३) सम्बन्धित जग्गाधनी मृत्यु भई नामसारी प्रति वर्ग फिट ....................................रु.१।-**

**अनुसूची १३**

**पर्यटनशुल्क**

**अनुसूची १४**

**नीतिहरु :**

१) एकीकृत सम्पति कर बृद्विका लागी दररेट साबिककै यथावत राखी गाँउपालिका क्षेत्रका बिभिन्न निजी भवनमा भौतिक संरचनाहरुको क्षेत्रफल एकिन गर्न स्थलगत प्राबिधिक टोली खटाई सो अनुसारको एकीकृत सम्पतिकरको मुल्याङकन गरी एकिकृत सम्पतिकर परिमार्जन गर्ने ।

२) औधोगिक बिकास क्षेत्रबाट एकीकृत सम्पतिकर तथा व्यवशायकर असुलीका लागि सम्बन्धित निकाय संग समन्वय गरी असुली गर्ने ।

३) बहाल रकमको सिफारिस सम्बन्धित वडा समिति बाट लिई सो अनुसार बहालकर असुल गर्ने ।

४) व्यवसायकर का दर तपसिलमा उल्लेख अनुसार लागु गर्नृ र बृद्धि का लागि निम्न अनुसार को प्रकिया अबलम्बन गर्ने । स्वेच्छा ले ५ बर्षका लागि नविकरण गर्न चाहेमा सो अनुसार नबिकरण गरी दिने ।

क) गाउपालिका क्षेत्र भित्रका सम्पुर्ण व्यवसायीको लगत संकलनका साथै टोली खटाई स्थलगत व्यवशायकर असुलगर्ने ।

ख) करदाताले बुझाउनु पर्ने कर नबुझाए सम्म गाँउपालिका वडा कार्यालयले उपलब्ध गराउने सेवा सुबिधा रोक्का राख्ने । साथै चालु वर्षको व्यवसायकर आश्विन मसान्तसम्म बुझाएमा १५ प्रतिशत छुट दिने तथा बक्यौता रहेमा १५ प्रतिशत जरिवाना लगाई असुल गरिनेछ ।

ग) प्रत्येक करदाता लाई पत्राचार गर्ने,पत्र पत्रिका एवं एफ.एम.समेत बाट कर बुझाउन सुचना जारी गर्ने ।

घ) अटेर गर्ने करदाता लाई ऐन-नियम अनुसार कारबाहि गर्ने ।

ङ) राजश्व शाखामा प्रयाप्त जनशक्तिको व्यवस्थापन गर्ने ।

च) बार्षिक सवारीकर असुली का लागि सम्बन्धित निकाय संग समन्वय गर्ने ।

५) गाउपालिकाले निर्धारण गरेको स्थान भन्दा अन्यत्र मासु पसल ,सब्जीमंडी, फलफुल पसल वा पार्किङ्ग स्थल प्रयोग गरेको पाइएमा तत्काल हटाउने ।

६) गाँउपालिकाको स्वामित्वमा रहेका तपसिल का भवन खालि जग्गा,ताल,तलैया पोखरी पार्क लाई राजश्व परामर्श समिति बाट निति बनाइ ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत